शैल्यशिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. २०८२/०८३/कृषि विकास शाखा
च.नं.

मिति:२०८३/०१/२

**व्यावसायिक पशुपन्छी विकास कार्यक्रमकालागि प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति:२०८३/०१/२**

सुदूरपश्चिम प्रदेश सरकारबाट आ.व.२०८२/०८३ का लागि हस्तान्तरित शसर्त अनुदान कार्यक्रम अन्तर्गत यस नगरपालिकामा व्यावसायिक पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस शैल्यशिखर नगरपालिकाका ९ वटै वडाका व्यावसायिक रुपमा भैंसी, गाई, बाख्रा, माछा. स्थानीय रैथाने कुखुरापालन गर्न इच्छुक योग्य फर्म/समूह/सहकारी/कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजात संलग्न राखि यस कार्यालयले उपलब्ध गराएको निवेदन र प्रस्तावको ढाँचा अनुसार प्रस्ताव पेशगर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै रित नपुगी वा म्याद नाघी प्राप्तहुन आएका प्रस्तावहरु छनौटका लागि समावेशहुन नसक्ने वेहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने कार्यक्रम | आवश्यक न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | व्यावसायिक पशुपन्छी विकास कार्यक्रम | व्यावसायिक रुपमा भैंसी, गाई, बाख्रा, माछा. स्थानीय रैथाने कुखुरापालनमा सहयोगका साथै कृषक/समुह/सहकारीको मागमा आधारित अन्य कृयाकलाप | व्यावसायिकरुपमा उल्लेखित कार्य गरिरहेका योग्य फर्म/समूह/सहकारी/ कृषक | |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

१.कार्यालयको निर्दिष्ट ढाँचाको आवेदन फाराम ।

२.कार्यालयले उपलब्ध गराएको प्रस्तावको ढाँचा अनुसार भरेको प्रस्ताव ।

३.व्यावसायिक कृषि फर्म/कृषक समूह/सहकारीको हकमा दर्ता/नविकरण, आ.व.२०८१/८२ को करचुक्ता, आ.व.२०८१/८२ को लेखापरिक्षण प्रतिवेदन, स्थायी लेखा नम्ब, बैंकमा खाता भएको खाताको विवरण, सञ्चालक समिति/कार्यसमितिले कार्यक्रम माग गरेको निर्णय ।

४.व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपि ।

५.जग्गाधनी प्रमाणपुर्जा वा न्यूनतम ५ वर्षका लागि जग्गा बहालमा लिएको सम्झौता पत्र ।

६.सम्वन्धित वडा कार्यालयको सिफारिस ।

७.स्वघोषणा पत्र ।

नोट:प्राप्त प्रस्ताव र कागजातका आधारमा स्थलगत अनुगमन गरि अनुगमन प्रतिवेदनका आधार र स्वीकृत बजेटको सिमा भित्र रहि कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समितिको निर्णय अनुसार लाभग्राही छनौट हुने । निवेदन र प्रस्तावको ढाँचा ९ वटै वडा कार्यालय वा शैल्यशिखर नगरपालिका कृषि विकास तथा पशुपन्छी विकास शाखाबाट प्राप्त गर्न सकिने छ ।

(भोजराज भट्ट)
प्रमुख प्रशासकीय अधिकृत

☎०९३-४०००८६Email- shailyashikhar.gov@gmail.com

भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# अनुदानग्राहीले पेश गर्ने निवेदन

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
शैल्यशिखर नगरकार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
मार्फत:पशु विकास शाखा
शैल्यशिखर नगरपालिका

विषय:व्यावसायिक पशुपन्छी विकास कार्यक्रममा सहभागीताका लागि प्रस्ताव पेश गरेको ।

महोदय

तहाँ कार्यालयको मिति २०८२/ / मा प्रकाशित सूचना अनुसार पशुपन्छी विकास कार्यक्रममा सहभागीताका लागि सूचनामा उल्लेख भए बमोजिमका कागजातहरु रप्रस्ताव संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं । साथै संघीय सरकार,सुदूरपश्चिम प्रदेश सरकारतथा शैल्यशिखर नगरपालिकाबाट विगत २ वर्षमा यसै प्रकृतिको कार्यक्रमका लागि कुनै किसिमको अनुदान तथा भुक्तानी नलिएको वेहोरा अनुरोध छ ।

निवेदक

दस्तखतः

नामः

ठेगानाः

समूह/संस्था/सहकारी/फर्म/कृषकको नामः

सम्पर्क नं.

समूह/संस्था/फर्म भए छापः

निवेदन साथ संलग्न कागजातहरु

१.

२.

३.

४.

५.

६.

CamScanner

अनुसुची-५

(नियम १४ को उपनियम (३) सँग सम्बन्धित )

प्रस्तावको ढाँचा

१. नाम:

ठेगाना:

सम्पर्क नं:

सस्थाको नाम:

२. हाल सम्म गरेका कामको विवरण:

| सि.नं. | कामको विवरण | कति क्षेत्रफल/ संख्यामा गरेको | कहिले देखी गर्दै आएको | वार्षिक उत्पादन | वार्षिक बिक्री |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

३. प्रस्तावित कार्यक्रमको नाम :-

कार्यक्रम सञ्चालन गरिने स्थल:

सञ्चालन गरिने क्रियाकलापहरु:

| सि.नं. | क्रियाकलाप | इकाई | परिमाण | कहिले गर्ने |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

कार्यक्रम सञ्चालनका लागी आवश्यक जमीन:

आफ्नै: भाडामा: जम्मा

४. कार्यक्रम सञ्चालन गरिने स्थलहरुमा भौतिक पुर्वाधारहरु:-

विजुली : छ/छैन

सडक : छ (पक्की / छैन

५. कार्यक्रम सञ्चालनका लागी आवश्यक उत्पादन सामाग्रीहरु:

| सि.नं. | उत्पादन सामग्रीको नाम | परिणाम | पाइने स्थान | गुणस्तर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

CamScanner

६. तालिम लिएको/नलिएको:-

| सि.नं. | तालिमको विषय | तालिम अवधि | तालिम लिने व्यक्तिको नाम | अन्य |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

७. लागत साझेदारी:-

| क्र.स. | क्रियाकलाप | कार्यालयको अनुदानरु. | स्व लगानी रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

८.जनशक्ति:-

| सि.नं. | विवरण | संख्या | वार्षिक कार्यदिन | कैफियत |
|---|---|---|---|---|
| १. | परिवारको सदस्य | | | |
| २. | स्थायी कर्मचारी | | | |
| ३. | दैनिक ज्यालादारी | | | |

९. उत्पादन विवरण:-

१०. उत्पादित वस्तुको प्रशोधन भण्डारण र बजारीकरण:-

१०.१ प्रशोधन योजना:- छ/छैन, छ भने के गर्ने:-..........................................................................

१०.२ भण्डारण योजना:- कहाँ कसरी कति परिमाणमा गर्ने: ..........................................................................

१०.३ बजारीकरण योजना:-

कति परिमाणमा कुन बजारमा के कति परिमाणमा बिक्री गर्ने: ..........................................................................

११. दिगोपन:-

## स्वघोषणा-पत्र

१.मेरो/हाम्रो समूह/सहकारी/संस्था/फर्म वा अनुदान उपभोग गर्ने संस्थाका सदस्यहरु वा संस्थाबाट सञ्चालित व्यवसाय नेपालको नियम कानून द्वारा बर्जित कार्यमा संलग्न हुने छैन/छैनौ ।

२.म/हामी कुनै गम्भीर एवं नकारात्मक प्रकृतिको पेसामा सँलग्न रहेको छैन/छौ ।र प्रचलित कानून बमोजिम कालो सूचिमा रहेको छैन/छैनौ ।

३.म/हामीले नेपालको प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर तिरी दायित्व पुरा गरेको छु/छौ ।

४.म/हामीले वातावरणमा नकारात्मक प्रभाव पार्ने कुनै पनि कृयाकलापहरु सञ्चालन गरेका/गर्ने छैन/छैनौ ।

५.म/हामी/शैल्यशिखर नगरपालिकाको अनुदान प्रकृयाको सर्तहरुको पूर्णरुपमा पालना गर्न सहमत छु/छौ ।

६.म/हाम्रो संस्थाले विगत २ वर्षमा समान प्रकृतिको अनुदान प्राप्त गरेको छैन/छैनौ ।यदि त्यसरी अनुदान लिएको देखिएमा जुनसुकै वखत सम्झौता रद्द गर्न तथा कानून बमोजिम सजाय भोग्न मेरो/हाम्रो मञ्जुरी छ ।

७.म/हामी शैल्यशिखर नगरपालिकाबाट प्राप्त अनुदान कार्यक्रम कृषि/पशुपालन कार्यमा मात्र प्रयोग गर्ने छु/छौ ।

८.म/हामीले अनुदानमा प्राप्त गरेका सामग्री/उपकरणहरु कसैलाई बिक्रि गर्ने छैन/छैनौ ।१ वर्ष पछि अनुगमन गर्दा पनि सामग्री/औजार/उपकरणबिक्रिवितरण गरेको देखिएमा शैल्यशिखर नगरपालिकाले जुनसुकै कार्यवाही गर्दा पनि सहन तयार छु/छौ । र त्यस्तो सजाय पाएमा ३ वर्ष सम्म संघ/प्रदेश/स्थानीय सरकारको कुनै पनि अनुदान माग गर्ने छैन/छैनौ ।

९.म/हामी माथि उल्लेखित विवरण/जानकारी/कागजात गलत प्रमाणित भएमा प्रचलित कानून अनुसार कारवाहीको भागिदार बन्ने स्वःघोषणा गर्दछु/गर्दछौ ।

**ल्याप्चे सहिछाप** हस्ताक्षरः

दायाँ बायाँ नामः

पदः

समूह/सहकारी/संस्था/फर्म/कृषकको नामः

सम्पर्क नं.

ठेगानाः

मितिः

छापः

CamScanner